## कार्यपालिका वैठक नं.९ आ.व.२०८१- ०८२ (२०८१/१०/३०

आज मिति २०८१/१०/३० गतेका दिन बिहान ८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो ।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | बसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | Sunkumari |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | विष्णु प्रसाद शर्मा | |
| १६ | प्रशा. सहायक | अपेक्षा श्रेष्ठ कुमाल | |
| १७ | का. सहयोगी | वाकु गुरुङ | |
| १८ | | | |

Scanned with CamScanner

**कार्यपालिका वैठक नं.९ आ.व.२०८१- ०८२ (२०८१/१०/३० का प्रस्तावहरु :**

१. समिक्षा सम्वन्धमा

२. सार्वजनिक विदा सम्वन्धमा

- जनयुद्ध दिवश र मगर दिवश सम्वन्धमा ।

३. योजना तथा कार्यक्रम सम्वन्धमा ।

- उपाध्यक्षसँग महिला सशक्तिकरण कार्यक्रम
- होमस्टे घरवास क्षमता विकास एवं रैथाने पाक शिक्षा तालिम ।

४. इजाजत पत्र नविकरण सम्वन्धमा ।

५. सेवा सुविधा सम्वन्धमा ।

६. आर्थिक सहायता हकदार कायम सम्वन्धमा ।

७. लीजा प्राप्ताङ्क सार्वजनिक गर्ने सम्वन्धमा ।

८. वडा स्तरीय वालमैत्री स्थानीय समिति गठन सम्वन्धमा ।

९. एस.ई.ई.सुधार साझेदारी कार्यक्रम सञ्चालन सम्वन्धमा ।

१०. भुक्तानी सम्वन्धमा ।

११. महालेखा परीक्षणको प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन सम्वन्धमा ।

१२. विविध सम्वन्धमा ।

Scanned with CamScanner

**निर्णय नं. १ : समिक्षा सम्बन्धमा ।**
क) अघिल्लो कार्यपालिकाको वैठकवाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा छलफल तथा समीक्षा गरियो ।

ख) यस आँवुखैरेनी गाउँपालिका अर्न्तगत वडा कार्यालयहरु, शाखाहरु,आँवुखैरेनी अस्पताल, स्वास्थ्य सँस्थाहरुवाट पेश हुन आएको माघ महिनाको प्रगति प्रतिवेदनहरुउपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

ग) प्रमुख प्रशासकिय अधिकृतले पेश गर्नुभएको कार्यालयको माघ महिनाको आम्दानी खर्च प्रतिवेदन (सुत्र अनुसार) उपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो

**२. सार्वजनिक विदा सम्वन्धमा**
यहि फागुन १५ गतेका दिन राष्ट्रिय मगर दिवशको अवसरमा सार्वजनिक विदा दिनको लागि पेश भएको निवेदन उपर छलफल गरी पालिकाको वहुसँख्यक जनसङ्ख्या मगरको वाहुल्यता भएको र उहाँहरुको धर्म कला सँस्कृती परम्पराहरुको संरक्षण प्रवर्द्धन गर्ने साथै सम्मान प्रदान गर्ने उदेश्यले उक्त दिन गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु, विद्यालयहरु, तथा गाउँपालिका मातहतका कार्यालयहरुमा सार्वजनिक विदा दिने निर्णय गरीयो ।

**३. योजना तथा कार्यक्रम सम्बन्धमा ।**
**क) ड्राइभिङ तालिम सम्वन्धमा ।**
यस आँवुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत उपाध्यक्षसँग लक्षित वर्ग सशक्तिकरण कार्यक्रम अर्न्तगत लक्षित वर्गहरु (महिला, दलित, अपाङ्ग,असहाय आदि १८ देखि ४० वर्ष उमेर समुह) लाई सीप प्रदान गराई आत्मनिर्भर वनाउने उदेश्यका साथ ड्राइभिङ तालिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरीयो । जसअर्न्तगत सम्वन्धित वडाको सिफरिसमा जम्मा ४० जना सहभागी गराउने निर्णय गरीयो ।

**ख) होमस्टे घरवास क्षमता विकास एवं रैथाने पाक शिक्षा तालिम ।**
यस आँवुखैरेनी गाउँपालिकाको नीति तथा कार्यक्रम अर्न्तगत पालिकामा होमस्टे सञ्चालन गरी आय आर्जन गर्दै आउनुभएका नागरीकहरुको क्षमता विकास गरी थप प्रभावकारी रुपमा होमस्टे सञ्चालन गरी आर्थिक सवलीकरण गर्ने उदेश्यका साथ होमस्टे व्यवसायमा संलग्न नागरीकरुमध्य प्रतिनिधीमुलक रुपमा वढीमा सम्वन्धित वडाको सिफारिस बमोजिम ३० जनाको सहभागीता हुनेगरी गाउँकार्यपालिकाको स्वीकृत उपाध्यक्ष सँग लक्षित वर्ग सशक्तिकरण कार्यक्रम वाट खर्च हुनेगरी आँवुखैरेनी गाउँपालिका वडा नं. १ स्थित नमुना पर्यटकीय गाउँ गिरानचौरमा होमस्टे घरवास क्षमता विकास एवं रैथाने पाक शिक्षा तालिम सञ्चालन गर्ने निर्णय गरीयो ।

**४. इजाजत पत्र नविकरण सम्बन्धमा ।**
यस आँवुखैरेनी गाउँपालिकाको कार्यालयमा दर्ता भई व्यवसाय सञ्चालन गर्दै आउनुभएका तर नविकरण नगरेका घ वर्गका सँस्थाहरुलाई यहि २०८१ साल फागुन १५ सम्ममा नविकरणको लागि निवेदन पेश गर्न आएमा नविकरण शुल्कमा लाग्ने रकमको २० प्रतिशत रकम जरिवाना गरी १ चोटिलाई नविकरण गर्न इजाजत प्रदान गर्ने र अन्यलाई नविकरण नगर्ने निर्णय गरीयो ।

**५. सेवा सुविधा सम्बन्धमा ।**
यस आवुँखैरेनी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा आर्किटेक्ट इन्जिनियर पदमा स्वयंसेवक पदमा कार्यरत हुनुभएकोमा निजले यस कार्यालयको प्रयोजनको लागि कार्यालयको आदेश बमोजिम आधिमुल

Scanned with CamScanner

पार्कको Autocad file, छिम्केश्वरी meditation hall को conceptial jpj file, छिम्केश्वरी resort autocat र 3D JPG, Musium Aurocad र 3D निर्माण गरी कार्यालयमा पेश गरेको हुँदा र निजको कार्य सन्तोषजनक रहेको हुँदा निज कार्यरत रहेको अवधीको दैनिक खाजा खर्च बापत रु.२०० र यातायात खर्च बापत रु.१५० गरी जम्मा रु.३५० को दरले सेवा सुविधा उपलब्ध गराउने निर्ण गरीयो ।

६. आर्थिक सहायता हकदार कायम सम्बन्धमा ।

यस आँबुखैरेनी गाउँपालिका वडा नं. २ निवासी लालध्वज लामा र निजकी श्रीमती रोशनी लामाको क्रमश २०८१/१०/२४ र ०८०/०५/१४ मा मृत्यु भएको र निजहरुको घरमा अन्य कोहि सदस्य नभएको हुँदा निजहरुको नाबालक छोराछोरी आर्यान र आर्या लामालाई काजकिरीया खर्च बापत जम्मा रु.२०,०००/- आर्थिक सहायता प्रदान गर्ने निर्णय गरीयो साथै निज बालबालिका नावालिक भएको कारण उनीहरुको बैंक खाता नभएको, निजको घरमा बाबुपट्टीको एकाघरको कोहि पनि नभएको र हाल दुबै बालबच्चाहरु फुपुको (बाबाको दिदी) संरक्षणमा रहेको हुँदा तत्काल राहत प्रदान गर्नुपर्ने भएको हुँदा मृतक लालध्वज लामाको दिदी गौरी गुरुङको नाममा आर्थिक सहायता प्रदान गर्ने निर्णय गरीयो ।

निर्णय नं. ७ : लीजा प्राप्ताङ्क सार्वजनिक गर्ने सम्बन्धमा ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधी, २०७७ बमोजिम यस आँबुखैरेनी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०८०/०८१ को संस्थागत क्षमता स्वमूल्याङ्कन गरी प्राप्त भएको प्रारम्भिक नतिजा पृष्ठपोषणको लागि लिजा प्राणाली मार्फत जिल्ला समन्वय समितिको कार्यालय, तनहुँमा पेश गरी उक्त कार्यालयबाट प्राप्त पृष्ठपोषणको आधारमा आवश्यक कागजात संलग्न गरी तपशिल वमोजिम अनुमोदनको लागि पेश गर्ने र पालिकाको वेभसाईट मार्फत सार्वजनिक गर्ने निर्णय गरीयो ।

तपशिल :

| क्र.सं. | विषय सूचक | कुल अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | शासकिय प्रवन्ध | ९ | ९ |
| २. | संगठन तथा प्रशासन | ८ | ८ |
| ३. | वार्षिक बजेट तथा व्यवस्थापन | ११ | १०.७५ |
| ४. | वित्तिय एवम् आर्थिक व्यवस्थापन | ११ | ९.७५ |
| ५. | सेवा प्रवाह | १६ | १४.५ |
| ६. | न्यायिक कार्य सम्पादन | ७ | ७ |
| ७. | भौतिक पूर्वाधार | १३ | ११ |
| ८. | सामाजिक समावेशीकरण | १० | ९ |
| ९. | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९ | ८ |
| १०. | सहकार्य र समन्वय | ६ | ५.५ |
| | कुल | १०० | ९२.५ |

Scanned with CamScanner

**निर्णय नं. ८ : वडास्तरीय बालमैत्री स्थानीय समिति गठन सम्वन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकालाई आर्थिक वर्ष ०८२/८३ भित्र अथवा ०८२ चैत्र मशान्त सम्ममा बालमैत्री गाउँपालिका घोषणा गर्ने प्रतिवद्धता वमोजिम कार्य गर्नको लागि यस पालिकाका सम्पुर्ण वडाहरुमा फागुन महिना १० गते सम्ममा वडास्तरीय बालमैत्री स्थानीय समिति गठन गरी सो को प्रतिवेदन पालिकामा पेश गरीसक्ने निर्णय गरियो ।

**निर्णय नं. ९ एस.ई.ई.सुधार साझेदारी कार्यक्रम सम्वन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत नीति तथा कार्यक्रम अर्न्तगत एस.ई.ई नतिजा सुधार कार्यक्रमको लागि पालिका समुदाय साझेदारी मा तपशिल वमोजिमको विद्यालयहरुमा एस.ई.ई नतिजा सुधार कार्यक्रम सञ्चालन गर्ने निर्णय गरीयो ।

**तपशिल :**

वडा नं. १ : मित्रता मा.वि.
वष नं. ३ : रामशाह मा.वि.
वडा नं. ६ : कन्यादेवी मा.वि.
वडा नं. ४ : लक्ष्मी मा.वि.

**निर्णय नं. १०. भुक्तानी सम्बन्धमा ।**

**क) इन्धन खर्च भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका कार्यालयमा रहेको गाउँपालिका भित्रको फोहोर संकलन, आँबुखैरेनी अस्पताल प्रयोजनार्थ एम्बुलेन्स सञ्चालन तथा कार्यालयको कामकाजको लागि विभिन्न मितिमा जनप्रतिनिधी तथा कर्मचारीहरुलाई विभिन्न स्थानहरुमा जाने प्रयोजनको लागि प्रयोग गरेबापत पालिकाको सवारी साधनमा प्रयोग गरेका इन्धन उपलव्ध गराए वापतको माघ महिनामा जम्मा खर्च रकम रु.- २,४६,४५९ /- र पुस महिनाको छुट रकम रु. ३,२९०/- गरी जम्मा रु.२,४९,७४९/- अक्षररुपी दुई लाख उनान्पचास हजार सात सय उनान्पचास रुपैया मात्र ।) छलफल गरि गाउँकार्यपालिकाको स्वीकृत इन्धन खर्च शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ११ महालेखा परीक्षणको प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष ०८०/८१ सम्पन्न भएका क्रियाकलापहरुको महालेखा परिक्षकको कार्यालयवाट भएको लेखा परिक्षण बाट प्राप्त प्रारम्भिक प्रतिवेदन उपर छलफल गरी असुर गर्नुपर्ने सम्वन्धी सुझाव सम्वन्धमा सम्वन्धित व्यक्ति, सँस्थाहरुसँग असुर उपर गराई फछ्र्यौट गर्ने र प्राप्त अन्य सुझावहरु सम्बन्धमा आगामी दिनहरुमा कार्यान्वयन गरी सुधार गरी लैजाने निर्णय गरीयो ।

Scanned with CamScanner

निर्णय नं. १२. विविध सम्बन्धमा ।

क) कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

यस गाउँपालिकाद्वारा सञ्चालित ऐनापहरा पर्यटन क्षेत्रमा टिकट तथा सुरक्षा व्यवस्थापन प्रयोजनार्थ मिति ०८१/०८/०३ को कार्यपालिकाको निर्णय बमोजिम २ जना कम्प्युटर अपरेटर र १ जना चौकिदार दैनिक ज्यालादारी करार सेवामा नियुक्त गरी कामकाज गर्दै गराउँदै आईरहेकोमा निजहरुको कार्यसम्पादन सन्तोषजनक देखिएको र सो कामकाजको लागि पुन कर्मचारी आवश्यक भएको हुँदा अर्को व्यवस्था नभईन्जेल ३ महिनाको लागि सोहि कर्मचारीहरुलाई करार सेवा नवीकरण गरी कामकाज गर्न लगाउने निर्णय गरीयो ।

Scanned with CamScanner